त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

मिति : ०७७९।२८

**विद्यावारिधि तहमा शोधार्थी मनोनयनका लागि प्रस्तावना सहित दरखास्त पेश गर्ने बारे सूचना ।**

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौंको प.स.च.न. २९।०७७।०७८ मिति ०७७९।२७ को पत्र यस कार्यालयमा प्राप्त हुन आएको छ । सो पत्रानुसार शैक्षिक वर्ष २०२१।२०२२ का लागि चीन सरकारबाट प्राप्त छात्रवृत्ति अन्तर्गत विद्यावारिधि अनुसन्धान गर्न विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका विषयहरुका लागि १ जनाको कोटा निर्धारण भै आएकोले सो कार्यकममा विद्यावारीधि गर्न इच्छुक उम्मेदवार मनोनयनका लागि सिफारिस गरि पठाउनु पर्ने भएकोले ४० वर्ष उमेर ननाघेका न्यूनतम योग्यता प्राप्त उम्मेदवारहरुबाट तल उल्लेखित फरम्याट अनुसार विद्यावारिधि शोध प्रस्ताव तयार गरि २०७७।१०।१४ गते भित्र दरखास्त, वायोडाटा सहित प्रस्तावना यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । छात्रवृत्तिमा अनुसन्धान गर्ने शोधार्थीले उपाधी प्राप्त भए पश्चात विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतको सम्वन्धित विषय क्षेत्रमा कम्तिमा २ वर्ष अध्यापन, अनुसन्धान सम्वन्धि कार्य गर्नु पर्ने छ । सेवारत शिक्षक तथा कर्मचारीको हकमा सम्वन्धित संस्थाको सिफारिसपत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

.................................
प्रा.डा. विनिल अर्याल
डीन

**Proposal Format :**

1. Introduction
2. Objectives
3. National Interest/Justification
4. Hypothesis
5. Research Question
6. Literature Review
7. Methods
8. Expected Outcome
9.References(as per the format of IOST Ph.D.)
10. Appendix

द.न. ५०४१७७।९२
९८।४।२२

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:- ०७७/७८

चलानी नं.:- २९

सिंहदरबार,

काठमाडौं, नेपाल।

मितिः २०७७/०९/२८

विषयः अनुसन्धान तहमा शोधार्थ मनोनयनका लागि सिफारिस पठाइदिनु हुन

श्री डिनको कार्यालय
विज्ञान तथा प्रविधि अध्यन संस्थान
कीर्तिपुर, काठमाण्डौं

प्रस्तुत विषयमा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०९/२६ को निर्णयअनुसार शैक्षिक वर्ष २०२१/०२२ का लागि चीन सरकारवाट प्राप्त भएको छात्रवृत्तिमा गई अनुसन्धान तहमा अध्ययन गर्न इच्छुक उम्मेदवारका लागि त्यस अध्ययन संस्थानलाई एक सिट निर्धारण गरिएको हुँदा ४० वर्ष ननाघेका तपसिल बमोजिम मुख्य तथा वैकल्पिक उम्मेदवार छनौट गरी सोधप्रस्तावसहित मिति २०७७/१०/२० गते भित्र आइपुग्ने गरी नामावली पठाइदिनु हुन अनुरोध छ ।

०९।२८

हरिप्रसाद खनाल
उपसचिव

तपसिल

१. कम्तीमा १५ दिनको आवेदन माग सम्वन्धी सूचना प्रकाशन गर्ने
२. आवेदन माग गर्दा अध्ययन गर्न चाहेको विषयमा सोध प्रस्ताव माग गर्ने
३. अध्ययन संस्थान/सङ्कायले सोध प्रस्ताव मूल्याङ्कन गरी कोटा सङ्ख्याको आधारमा मुख्य र सोही सङ्ख्यामा वैकल्पिक उम्मेदवार छनोट गरी प्राथमिकताक्रम खुलाई सोध प्रस्तावसहित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा केशरमहलमा मिति २०७७/१०/२० गतेभित्र पठाउने
४. छात्रवृत्तिमा मनोनयन भई अध्ययन समाप्त गर्नेलाई सम्वन्धित डिन कार्यालयले कम्तीमा २ वर्ष काम लगाउने व्यवस्था गर्ने
५. तोकिएको मिति भन्दा पछि आउने सिफारिस कार्यान्वयन हुन नसक्ने

श्री योजना।
आ.मा.
डिन
२०७७/९/२९